# सुचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

कोशी प्रदेश विराटनगर

२०८२

## २०८२साल कार्तिक देखि पौषसम्म (दोश्रो त्रैमासिक) भएका गरिएका सम्पादित प्रमुख कार्यहरु

**(क) मन्त्रालयको स्वरुप र प्रकृति**

नेपालको संविधान २०७२ बमोजिम देशलाई सङ्घीय ढाँचामा पुनर्संरचना गर्ने उद्देश्यका साथ वर्तमान संविधानको भाग १३ मा प्रदेश कार्यपालिका सम्बन्धी व्यवस्था अनुरुप कोशी प्रदेश मन्त्रिपरिषदको गठन संविधानको धारा १६८ अनुसार मिति २०७४।११।०३ गते भएको हो। प्रदेश संरचनाको स्थापनाकालमा गठन भएको ७ वटा मन्त्रालय मध्ये सामाजिक विकास मन्त्रालय विभाजन भई मिति २०७८।१०।२३ गतेका दिन स्वास्थ्य मन्त्रालयको स्थापना भएको हो।

यस मन्त्रालय मातहत स्थायी प्रकृतिका विभागीय निकायहरु प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र रहेका छन् भने, १५ वटा अस्पतालहरु, १४ वटा स्वास्थ्य कार्यालयहरु, १४ वटा आयुर्वेद औषधालयस्वास्थ्य केन्द्रहरु/ र एउटा प्रादेशिक आयुर्वेद अस्पताल रहेका छन् भने अस्थायी प्रकृतिका १ वटा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र १ वटा प्रादेशिक प्रेषण केन्द्र, र शैलजा आचार्य हृदयरोग केन्द्र, विराटनगर गरी जम्मा ५० वटा निकायहरु रहेको छन् ।

**(ख) मन्त्रालयको काम कर्तव्य र अधिकार**

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

१) स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन,

२) प्रदेशमा स्वास्थ्य सेवामा आवद्ध जनशक्तिको विकास र व्यवस्थापन सम्बन्धी कार्ययोजनाको निर्माण कार्यान्वयन र अनुगमन,

३) प्रदेशभर स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन स्वास्थ्य जनशक्तिको अभिलेख व्यवस्थापन सहित समुचित वितरण र परिचालन,

४) स्वास्थ्य विपद तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण र कार्यान्वयन,

५) प्रदेशमा स्वास्थ्य प्रयोगशालाको मापदण्ड तथा गुणस्तर निर्धारण र अनुगमन,

६) ग्रामीण क्षेत्रमा स्वास्थ्य घुम्ती शिविर सम्बन्धी कार्ययोजना निर्माण र सोको कार्यान्वयन तथा अनुगमन,

७) स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धिका लागि संघ र स्थानीय तहसंग समन्वय र सहकार्य,

८) स्वास्थ्यकर्मीको आचार संहिता निर्माण कार्यान्वयन तथा अनुगमन,

९) प्रदेशमा स्वास्थ्यको भौतिक संरचना, स्वास्थ्य उपकरण, एम्बुलेन्स शववाहन र सम्पत्तिको प्रादेशिक अभिलेखको निर्माण र सोको समुचित व्यवस्थापन,

१०) नागरिकलाई अत्याधुनिक तवरले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभुति गर्ने विषय,

१ १) प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, प्रशामक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,

१ २) स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्थाको अभिलेख व्यवस्थापन र नियमन,

१ ३) प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,

१४) राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामाग्रीको उत्पादन तथा सञ्चय अधिकतम खुद्रा मुल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र नियमन,

१५) राष्ट्र्य मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन,

१६) राष्ट्रिय मापदण्ड बमोजिम संघ र स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य बीमाको कार्यान्वयन र पहुँच विस्तार एवं सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

१७) औषधी निगरानी (फर्मा कोभिजिलेन्स), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (एन्टि माइक्रोवायल रेसिस्टेन्स) न्यूनीकरण,

१८) खोपको आपूर्ति र व्यवस्थापन,

१९) संवेदनशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,

२०) प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह प्रणालीको व्यवस्थापन,

२१) जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

२२) सूर्तिजन्य वस्तुको नियन्त्रणका लागि समन्वय तथा नियमन,

२३) स्वास्थ्य सम्बन्धी आपतकालीन अवस्था, महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,

२४) सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

२५) राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

२६) स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,


२७) प्रदेशस्तरको सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

२८) स्वास्थ्य सरसफाई तथा स्वच्छता अभियानमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२९) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

३०) जनसंख्या, बसाईंसराईं र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन एवम् सो सम्बन्धमा संघ तथा स्थानीय तहसँग समन्वय।

## (ग) मन्त्रालयका महाशाखा शाखा अन्तर्गत कर्मचारी सङ्ख्या र कार्य विवरण



**(घ) मन्त्रालयबाट प्रदान गरिने सेवा**

| | | |
|---|---|---|
| १ | **नीति योजना तथा जनस्वास्थ्य महाशाखाः**<br>• नीति योजना तथा समन्वय शाखा<br>• जनस्वास्थ्य शाखा | **नीति योजना तथा समन्वय शाखाः**<br>१. प्रदेशस्तरमा स्वास्थ्य सम्बन्धी प्रादेशिक अल्पकालीन र दीर्घकालीन नीति,रणनीति, कानून, योजना, निर्देशिका, मार्गदर्शन, मापदण्ड आदि तर्जुमा गर्ने।<br>२. प्रदेशस्तरमा स्वास्थ्य क्षेत्र मानव संसाधन सम्बन्धी दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने।<br>३. प्रदेशस्तरमा स्वास्थ्यसम्बन्धी बजेट विकास कार्यक्रममा आवश्यक संयोजन तथा सहयोग गर्ने साथै प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्पर्क र समन्वय गरी वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने, आवश्यकतानुसार छलफल गरी स्वीकृत गराउने तथा सोअनुसार कार्ययोजना बनाउने।<br>४. मन्त्रालय र मातहतका निकायहरुबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरुको निर्धारित लागत, समय, गुणस्तर तथा परिमाण अनुसार काम भए नभएको सम्बन्धमा निरीक्षण तथा अनुगमनबाट प्राप्त सुचानाको आधारमा अध्ययन, विश्लेषण गर्न, गराउनका लागि समीक्षा बैठक आयोजना गर्ने।<br>५. स्वीकृत भएका नीति योजना तथा कार्यक्रम आवश्यकताअनुसार अध्यवधिक गर्ने।<br>६. मन्त्रालय मातहतका कार्यालयस्तरका कार्ययोजना मार्गदर्शन तथा कार्य प्रतिवेदन संकलन गरी एकीकृत रुपमा तयार गर्ने र वेबमा अध्यवधिक गर्ने।<br>७. अनुगमन तथा मुल्याङ्कन सम्बन्धी नीति तथा अनुगमन मुल्याङ्कन खाका तर्जुमा गर्ने र लागू गर्ने।<br>८. प्रदेशस्तरमा स्वास्थ्य सम्बन्धी नीतिको कार्यान्वयन, मुल्याङ्कन र विश्लेषण गर्ने। |

| | | |
|---|---|---|
| | | ९. मन्त्रालयसंग सम्बन्धित क्षेत्रगत विकास कार्यक्रमको आवधिक र वार्षिक कार्यक्रम तर्जुमा गरी पेश गर्न अन्तर्गतका निकायहरुलाई मार्ग निर्देशन दिने।<br><br>**जनस्वास्थ्य शाखाः**<br>१०. प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भिलेन्स) सम्बन्धी कार्य गर्ने।<br>११. सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम, स्वास्थ्य प्रवर्धनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह, वातावरणीय स्वास्थ्य र पेशागत स्वास्थ्य सेवा सम्बन्धी कार्य गर्ने।<br>१२. एकीकृत सुचना व्यवस्थापन प्रणाली (DHIS, HMIS, eLMIS आदि) को प्रभावकारी सञ्चालनको लागि क्षमता अभिवृद्धि गर्ने।<br>१३. जनसंख्या, बसाईंसराईं र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा,कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन एवम् सो सम्बन्धमा संघ तथा स्थानीय तहसँग समन्वय गर्ने।<br>१४. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने।<br>१५. सूर्ति, मदिरा र लागुपदार्थ जस्ता जनस्वास्थ्यमा असर पुर्‍याउने वस्तुहरुको नियन्त्रणको लागि मापदण्ड तयार गरी नियमन गर्ने।<br>१६. प्रदेशस्तरको सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने।<br>१७. विश्वव्यापी जनस्वास्थ्यसम्बन्धी समस्याहरुको रोकथाम निवारणका लागि राष्ट्रिय/अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क र समन्वय गर्ने।<br>१८. सरकारी, सामुदायिक, सहकारी, गैर-सरकारी तथा समितिहरुबाट सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्यको साथै उक्त कार्यक्रमहरुको तुलनात्मक विश्लेषण गरी मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिता ल्याउनका लागि आयोजनालाई पृष्ठपोषण दिने।<br>१९. स्वास्थ्य सूचकहरु तयार गर्ने र प्रदेश भित्र सञ्चालित कार्यक्रमहरुको आवधिक समिक्षा गर्ने। |

| | | |
|---|---|---|
| | | २०. प्रदेश स्तरमा नयाँ जनस्वास्थ्य कार्यक्रम तथा प्रविधिहरुको नवीनतम प्रयोग र कार्यगत अध्ययन अनुसन्धान गर्ने गराउने साथै उक्त कार्यलाई व्यवस्थित गर्न प्रादेशिक प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने, गुणस्तरीय र उपयोगी अनुसन्धान तथा शोधकार्यका लागि सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गर्ने। |
| २ | **अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा:**<br>• अस्पताल विकास तथा सुदृढिकरण शाखा<br>• अनुगमन मुल्याङ्कन तथा अनुसन्धान शाखा<br>• आयुर्वेद तथा बैकल्पिक चिकित्सा शाखा | **अस्पताल विकास तथा सुदृढीकरण शाखा**<br>१. उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवाको व्यवस्थापन गर्ने।<br>२. प्रदेश भित्र बिशेषज्ञ स्वास्थ्य सेवा सुदृढीकरणका लागि आकस्मिक, अल्पकालिन तथा दीर्घकालिन रणनीति, योजना, निर्देशिका तर्जुमा गरि कार्यान्वयनमा सहजिकरण गर्ने।<br>३. प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर मापदण्ड निर्धारण, अनुगमन, नियमन तथा पृष्ठपोषण गर्ने।<br>४. स्वास्थ्य सेवाको शुल्क निर्धारण सम्वन्धी कार्य गर्ने।<br>५. राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अनुरुप अस्पताल,नर्सिङ्ग होम, पोलिक्लिनिक,निदान केन्द्र, उपचार केन्द्र, पुनर्स्थापना केन्द्र, डायलासिस केन्द्र, हस्पिस सेन्टर लगायतकास्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता,सञ्चालन अनुमति, नविकरण, स्तरोन्नति र नियमन सम्वन्धी कार्य गर्ने, गराउने।<br>६. मातहतका अस्पतालहरुसंग समन्वय गरी वार्षिक कार्यक्रम एवं बजेटको बाँडफाँड गर्न सम्बन्धित महाशाखासंग समन्वय गर्ने।<br>७. समयानुकुल स्वास्थ्य सूचना प्रणाली, स्वास्थ्य सेवा प्रवाहको परीक्षण (Health Service Audit), नविनतम प्रविधिको प्रयोग सम्वन्धी कार्य गर्ने, गराउने।<br>८. अस्पतालको मेशिनरी औजार तथा भौतिक व्यवस्था सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण र नियमन सम्वन्धी कार्य गर्ने।<br>९. स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन, स्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द्र व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाहका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन सम्वन्धी कार्य गर्ने। |

| | | |
|---|---|---|
| | | १०.हव तथा सेटेलाइट अस्पतालहरुको छनौट, विस्तार र क्षमता विकास गर्ने।<br>११.स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक,व्यवसायिक र पेसागत संघ संस्थाबाट गरिने कार्यमा समन्वय तथा सहजिकरण गर्ने।<br>१२.प्रेषण प्रणालीको सुदृढीकरण गर्नको लागि प्रभावकारी संयन्त्र निर्माण एवं प्रचलित मापदण्ड अनुरुप एकिकृत एम्बुलेन्स सेवा सञ्चालन लगायतका कार्य गर्ने।<br>१३.मेडिकोलिगल सम्वन्धी कार्य गर्ने।<br>१४.स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने।<br>१५.स्वास्थ्य संस्था तथा स्वास्थ्य कर्मीहरुको भौतिक तथा मानविय सुरक्षा सम्वन्धी कार्य गर्ने।<br>१६.स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकासका लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्वन्धी कार्यमा समन्वय गर्ने।<br>१७.स्वदेश तथा विदेशमा संचालन हुने विभिन्न तालिम, गोष्ठी, अध्ययन, भ्रमण, सभा सम्मेलनमा कर्मचारी मनोनयनका लागि सिफारिस गर्ने।<br><br>**अनुगमन मुल्याङ्कन तथा अनुसन्धान शाखा**<br><br>१८.औषधी निगरानी (Pharmacovigilance) गर्ने,औषधिको समुचित प्रयोगर प्रतिजैविक प्रतिरोध )Antimicrobial Resistance)समस्याको न्युनीकरण सम्वन्धी कार्य गर्ने।<br>१९.प्रदेशस्तरमा बिशेषज्ञ स्वास्थ्य सेवाको विकास, विस्तार एवं अध्ययन र अनुसन्धान गर्ने।<br>२०.प्रदेश जनस्वास्थ्य प्रयोगशालाको मापदण्ड तथा गुणस्तर निर्धारण, अनुगमन र नियमन गर्ने गराउने ।<br>२१.प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर मापदण्ड निर्धारण, अनुगमन, नियमन तथा पृष्ठपोषण गर्ने।<br>२२.स्वास्थ्य सेवाप्रवाह सम्बन्धी स्वास्थ्य सुचकहरुको बिकास गर्ने, समिक्षा गर्ने र सो सेवा प्रदायक संस्थाहरुको तथ्याङ्क अद्यावधिक गर्न सहजिकरण गर्ने गराउने।<br>२३.अस्पताल सम्बन्धीका गुनासाहरुको नियमन र व्यवस्थापन गर्ने गराउने। |

| | | |
|---|---|---|
| | | **आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवा शाखा**<br>२४. प्रदेशस्तरमा आयुर्वेद तथा बैकल्पिक चिकित्सा अन्तर्गत प्रवर्धनात्मक,प्रतिकारात्मक,उपचारात्मक, पुर्नस्थापनात्मकतथा प्रशामकस्वास्थ्य सेवाको रणनीति, निर्देशिका, मार्गदर्शन, मापदण्ड तर्जुमा एवं कार्यान्वयन गर्ने।<br>२५.आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, होमियोप्याथि, आम्ची तथा युनानी लगायतका अन्य प्रचलित परम्परागत बैकल्पिक चिकित्सा पद्धतिहरुको आधारभूत,बिशेषज्ञ सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्माण, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमनगर्ने।<br>२६.आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको गुणस्तर निर्धारण सम्वन्धी कार्य गर्ने।<br>२७.जडिबुटीको संरक्षण, प्रवर्धन, प्रशोधन एवं प्रयोग सम्वन्धी कार्यमा सहजिकरण गर्ने।<br>२८. गुणस्तरीय आयुर्वेद औषधी उत्पादन र नियमनका लागि प्रदेशस्तरको रणनीति, योजना, निर्देशिका तर्जुमा गर्ने र कार्यान्वयनमा ल्याउने।<br>२९. आयुर्वेद तथा बैकल्पिक चिकित्सा सेवाप्रवाह सम्बन्धी स्वास्थ्य सुचकहरुको बिकास गर्ने, समिक्षा गर्ने र सो सेवा प्रदायक संस्थाहरुकोतथ्याङ्क अद्यावधिक गर्न सहजिकरण गर्ने।<br>३०. आयुर्वेद सूचना प्रणालीको समयानुकूल विकास र विस्तार गर्ने।<br>३१. सरकारी, सहकारी, सामुदायिक तथा निजी संस्थाहरुबाट संचालित आयुर्वेद तथा वैकिल्पक स्थास्थ्य सेवा प्रवाह गर्ने संस्थाहरुबाट प्रदानगर्ने सेवाको प्रभावकारिताको अनुगमन,निरीक्षण, स्वीकृति, सञ्चालन अनुमति, नविकरण, स्तरोन्नतिसम्वन्धी कार्य गर्ने।<br>३२. आयुर्वेद चिकित्सा विज्ञान तथा परम्परागत ज्ञानमा आधारित सिप, प्रविधि तथा अवधारणाको संरक्षण, सम्वर्धन, अनुसन्धान र प्रवर्धन गर्ने।<br>३३. स्वस्थ जिवन शैली अभिप्रेरित गर्ने सम्वन्धी कार्य गर्ने। |

| प्रशासन महाशाखा | |
|---|---|
| • **प्रशासन शाखा**<br>• **कानुन शाखा**<br>• **आर्थिक प्रशासन शाखा**<br>• **जनसंख्या तथा तथ्याङ्क व्यवस्थापन शाखा** | १) आन्तरिक प्रशासन, कार्यालय व्यवस्थापन, सरसफाइ र आवश्यक भौतिक व्यवस्था गर्ने ।<br>२) आन्तरिक कर्मचारी प्रशासन, आन्तरिक कार्य विभाजन, हाजिरी, विदा, रमाना, पालो पहरा, खटनपटनको व्यवस्थापन गर्ने ।<br>३) कार्यालय भवन, परिसर, सवारी साधनहरुको मर्मत संभार तथा व्यवस्थापन गर्ने ।<br>४) मन्त्रालय र मातहतका कार्यालयहरुको आन्तरिक जिन्सी सामानको आपूर्ति तथा व्यवस्था, जिम्मा तथा रेखदेख, संभार, संरक्षण, निरीक्षण तथा प्रतिवेदन सम्बन्धी कार्यहरु गर्ने ।<br>५) आवश्यक जनशक्तिको दरवन्दी सिर्जना, नियुक्ति, सरुवा, पदस्थापना तथा बढुवा सम्बन्धी कार्य गर्ने ।<br>६) प्रदेशमातहतका कर्मचारीको श्रेणी र तहगत दरवन्दी विवरण तथा कर्मचारी अभिलेख राख्ने ।<br>७) प्रदेशमातहतका कर्मचारीहरुको कार्यविवरण, कार्यसम्पादन, तालिम, विदा तथा अवकाश तथा विभागीय कारवाही गर्ने ।<br>८) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी मूल्याङ्कनको अभिलेख तथा व्यवस्थापन गर्ने ।<br>९) स्वास्थ्य सेवाका विभिन्न पदको बढुवाको लागि सचिवालय सम्बन्धी कार्य गर्ने ।<br>१०) स्तरवृद्धि सम्बन्धी कार्य गर्ने ।<br>११) मानव संसाधन सूचना केन्द्रमा प्रविष्ट भएका पत्रको व्यक्तिगत फाइलमा अद्यावधिक गर्ने ।<br>१२) लामो अवधिका विदा तथा कारवाहीहरुको अभिलेख राख्ने ।<br>१३) कर्मचारीहरुको व्यक्तिगत फाइल अद्यावधिक गर्ने ।<br>१४) आर्थिक योजना तथा संघीय आर्थिक प्रशासन नीति अनुसार कार्य गर्ने ।<br>१५) वित्तिय नीति तर्जुमा, बजेट, मन्त्रालयको केन्द्रीयस्तरको लेखा अन्तर्गत वार्षिक विनियोजन बाँडफाँड सम्बन्धी कार्यहरु गर्ने, गराउने ।<br>१६) विनियोजित बजेटको निकासा, खर्च, लेखाङ्कन तथा प्रतिवेदन र लेखापरीक्षण सम्बन्धी कार्यहरु गर्ने, गराउने ।<br>१७) योजना तथा कार्यक्रम तर्जुमा, बजेट कार्यान्वयन, लेखापरीक्षण तथा बेरुजु फछ्र्योट, आर्थिक अनुशासन पालना सम्बन्धी कार्य गर्ने ।<br>१८) आन्तरिक बजेट सञ्चालन गर्ने । |

| | |
|---|---|
| | १९) केन्द्रीय लेखा, लेखाप्रणाली तथा आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन गर्ने।<br>२०) प्रदेश सरकारको आर्थिक प्रशासन र वित्तीय व्यवस्थापन सम्बन्धी विषयका कार्य गर्ने। |

**श्रीमान प्रदेश सचिवज्यु:** डा. यदुचन्द्र घिमिरे

**प्रशासन योजना तथा जनसंख्या महाशाखा:**

**महाशाखा प्रमुख:** श्री निर्मल भट्टराई

**प्रशासन शाखा:**

शाखा अधिकृत: श्री शम्भु कुमार साह

शाखा अधिकृत: श्री ललित रौनियार

अधिकृत छैठौं: श्री बासुदेव कुँवर

नायब सुब्बा: श्री सौरभ पोखरेल

सूचना प्रविधि अधिकृत: ई. रुप नारायण यादव

सहायक सूचना प्रविधि अधिकृत: श्री संतोष गिरि

**कानुन शाखा:**

**कानुन अधिकृत:** श्री शंकर बाराकोटी

**आर्थक प्रशासन शाखा:**

व. लेखा अधिकृत (आठौं), श्री पुष्षा दाहाल

**जनसंख्या तथा तथयांक व्यवस्थापन शाखा:**

रिक्त

**नीति योजना तथा जनस्वास्थ्य महाशाखा:**

महाशाखा प्रमुख/ मन्त्रालयकका प्रवक्ता: श्री सभ्यता पन्थी

**नीति योजना तथा समन्वय शाखा:**

व. कम्युनिटी नर्सिङ्ग अधिकृत: श्री केशु क्फले

व. कम्युनिटी नर्सिङ्ग अधिकृत: श्री श्रृजना पौडेल

जनस्वास्थ्य अधिकृत: श्री उर्मि शर्मा

**अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा:**

**महाशाखा प्रमुख:** डा. रामहरि रेग्मी

**अस्पताल व्यवस्था तथा सुदृढीकरण शाखा:**

जनस्वास्थ्य अधिकृत: श्री  लक्ष्मण खरेल

जनस्वास्थ्य अधिकृत: श्री आस्ना गौतम

नर्सिङ्ग अधिकृत: श्री रिनु निरौला

**अनुगमन मुल्याङ्कन तथा अनुसन्धान शाखा:**

फार्मेसी अधिकृत: श्री रही विक्रम थापा

**आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा:**

डा. केनिन राई, आयुर्वेद चिकित्सक

**हलुका सवारी चालक:**

श्री राजु शाह

श्री आमोद कुमार देव

श्री आश ब तामाङ्ग (शैलजा दरबन्दी)

श्री अशोक राजवंशी (शैलजा दरबन्दी)

श्री प्रेम कुमार यादव (शैलजा दरबन्दी)

**सुरक्षा गार्ड:**

श्री किशोर कुमार गुरुङ्ग

**कार्यालय सहयोगी:**

श्री  मैन्ह कुमारी श्रेष्ठ

श्री अम्बिका ढुङ्गाना

श्री चमन राउत

श्री सुष्मा तामाङ्ग

श्री राजेश राजवंशी (शैलजा दरबन्दी)

श्री भारती राउत

**ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

सेवा सम्बन्धित प्रचलित कानुनले तोकेबमोजिम

**च) निर्णय गर्ने प्रक्रिया र अधिकारी**

सेवा वा निर्णय गर्नुपर्ने कामसम्बन्धी प्रचलित कानुन बमोजिम

**छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी**

प्रचलित कानुन बमोजिम

**ज)सम्पादन गरेको कामको विवरण**

दोस्रो चौमासिक समीक्षा
स्वतः प्रकाशन विवरण

प्रशासन महाशाखा

प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश

**आ.व. २०८२/२३ को प्रथम त्रैमासिक समयावधि (२०८२ असोज १ गतेदेखि २०८२ पौष मसान्तसम्म) मा सम्पादित कार्यहरूको संक्षिप्त विवरण**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

| | |
|---|---|
| क. निकायको स्वरुप र प्रकृति | स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश प्रादेशिक स्तरको निकाय रहेको। |
| ख. निकायको काम कर्तव्य अधिकार | स्वास्थ्य सेवालाई संचालन व्यवस्थापन र समयसापेक्ष परिमार्जन गर्ने, स्वास्थ्य सेवाको अध्ययन गर्ने, नीतिगत सुझाव, कर्मचारी व्यवस्थापन, स्वास्थ्य सेवाको व्यवस्थापनको लागि आवश्यक निर्णय गर्ने, मातहातका कार्यालयहरूको निरिक्षण अनुगमन गर्ने, मातहतका कार्यालहरूलाई निर्देशन गर्ने। |
| ग. निकायमा रहने कर्मचारी दरबन्दी विवरण | मानानिय मन्त्री<br>महाशाखा प्रमुख(३)<br>शाखा अधिकृत(२)<br>सहायक अधिकृत (१)<br>कम्प्युटर अधिकृत (१)<br>लेखा अधिकृत (१)<br>सहायक लेखा अधिकृत (१)<br>कानून अधिकृत (१)<br>ब./न.अ. (स्वा./ज.न.) (१)<br>ब./फार्मेसी अधिकृत (१)<br>आयुर्वेद चिकित्सक (१)<br>ब./जनस्वास्थ्य अधिकृत (१)<br>ब./क.न.अ. (स्वा./क.न.) (१)<br>डेमोग्राफर/तथ्याङ्क अ.(विविध) (१-रिक्त रहेको)<br>नायव सुब्बा (१)<br>हलुका सवारी चालक (२)<br>कार्यालय सहयोगि (२) |
| घ. निकायबाट प्रदान गरिने सेवा | कर्मचारीको सरुवा, बढुवा, कार्यसम्पादन मूल्याङ्कन लगायतका कार्यहरु गर्ने। |

| | |
|---|---|
| ङ. गुनासो सुन्ने अधिकारी | श्री निर्मल भट्टराई (प्रशासन महाशाखा प्रमुख) |
| च. सम्पादन गरेको कामको विवरण | १. पदस्थापन, काज तथा सरुवा, विदा सम्बन्धी, मनोनयन तथा सिफारिस लगायतका कर्मचारी प्रशासन सम्बन्धी कामहरू निरन्तर भईरहेको।<br>२. आवश्यकताअनुसार विभिन्न जिल्लाहरूमा प्रशासनिक तथा आर्थिक अख्तियारी प्रदान गरिएकोमा सोको निरन्तर अनुगमन।<br>३. जिल्लाहरुमा कार्यरत कर्मचारीहरूको विवरण संकलन तथा अधावधिक गर्ने काम भएको।<br>४. तालुक तथा मातहातका निकायहरूमा पत्राचार तथा समन्वयका कार्यहरू गरिएको।<br>५. नियमित प्रकृतिका प्रशासन सम्वद्ध मन्त्रालयस्तरीय कार्यहरू सम्पन्न गरिएको।<br>६. मातहतका केही कार्यालयहरूको निरीक्षण अनुगमन भएको। |
| च. ऐन, नियम, कार्याविधि वा निर्देशिकाको सूची | स्वास्थ्य सेवा सँग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची यसप्रकार छन्:<br>**ऐनहरु :**<br>प्रदेश नं.१ जनस्वास्थ्य ऐन, २०७७<br>जनस्वास्थ्य सेवा ऐन, २०७५<br>**नियमहरु :**<br>जनस्वास्थ्य सेवा नियमावली, २०७७<br>**कार्याविधिहरु :**<br>शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र सञ्चालन कार्याविधि, २०८२<br>विद्यालय नर्सिङ्ग सेवा कार्याक्रम सञ्चालन कार्यविधि, २०७६<br>**नीति :**<br>प्रदेश स्वास्थ्य नीति, २०७२<br>**निर्देशिका :**<br>एम्बुलेन्स सेवा निर्देशिका, २०८२<br>शववाहन सेवा संचालन तथा व्यवस्थापन निर्दिका, २०७७ |
| छ. विभागका वेबसाइट | Info.moh.@p1.gov.np |

नीति योजना तथा जनस्वास्थ्य महाशाखाः

१) आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम सञ्चालन मार्गदर्शन तर्जुमा तथा स्वीकृति गरिएको।
२) कोशी प्रदेश सरकारबाट स्वीकृत प्रदेश जनस्वास्थ्य सेवा नियमावली २०८२ आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत् प्रदेश राजपत्रमा प्रकाशन गरिएको।
३) प्रदेश जनस्वास्थ्य समिति गठन गरी उक्त समितिको दुइवटा बैठक सञ्चालन गरिएको र समिति बैठक सञ्चालन कार्यविधि स्वीकृत गरिएको।
४) कोशी प्रदेशको स्वास्थ्य क्षेत्रसँग सम्बद्ध विकास साझेदार संस्थाहरुसँग समन्वय र अन्तर्क्रियात्मक बैठक सञ्चालन गरिएको।
५) आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९ (२०८२ संशोधन सहित) खारेजीको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पेस गरिएको।
६) प्रदेश सरकारको निर्णयबमोजिम बजेट स्रोतको मितव्ययिताका लागि बजेट रोक्का गर्न क्रियाकलापहरुको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको।
७) बाढीपहिरो जेनजी आन्दोलन लगायतका अनपेक्षित घटनाहरुपश्चातको बजेट एवं स्रोत व्यवस्थापनको सुनिश्चितता गरिएको।
८) शैलजा आचार्य अस्पताल तथा हृयरोग केन्द्र सञ्चालन कार्यविधि २०८२ स्वीकृतिका लागि प्रदेश सरकारमा पेस गरिएको।
९) स्थानीय तहमा कार्यरत छात्रावृत्ति करारका स्वास्थ्यकर्मीहरुको तलबभत्ता भुक्तानीका लागि बजेट व्यवस्थापन गरिएको।
१०) संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सुरु गरिएको मानसिक स्वास्थ्य सचेतना अभियान २०८२ प्रवर्द्धनका लागि स्थानीय तह र स्वास्थ्य कार्यालयहरु, आयुर्वेद स्वास्थ्य केन्द्रहरुसँग अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरिएको।
११) राष्ट्रिय योजना आयोगबाट माग भएबमोजिम संघ विशेष अनुदान तथा समपूरक अनुदानका लागि कार्यक्रम प्रस्ताव तयार गरिएको।
१२) मातहतका निकायको सेवा प्रवाह र बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था गुणस्तरीय रहेको सुनिश्चित गर्न एकीकृत अनुगमन तथा मेन्टरिङ कार्यविधि २०८२ तर्जुमा प्रक्रियामा रहेको।
१३) राष्ट्रिय योग दिवस २०८२ का अवसरमा योग शिविर सञ्चालनका लागि जिल्लाहरुसँग समन्वय गरिएको।

| स्वास्थ्य मन्त्रालयको दोश्रो त्रैमासिक खर्च | | | |
|---|---|---|---|
| ब.उ.शि.नं. | जम्मा खर्च | प्रथम त्रैमासिक खर्च | दोस्रो त्रैमासिक खर्च |
| ३७००००११३ | १५२६२९५६. | ७४४७६४२. | ७८१५३१४. |
| ३७००११०३३ | ६१९०६७ | ३४७३२४ | २७१७४३. |
| ३७००२१०३३ | १९४३८३० | ११४४६४८ | ७९९१८२. |
| ३७०९११२९३ | २१०६७५५९ | १५४०६५४ | १९५२६९०५. |
| ३७००००११४ | १९४८४१ | ० | १९४८४१. |
| **जम्मा खर्च रकम** | **३९०८८२५३.** | **१०४८०२६८.** | **२८६०७९८५.** |

| राजश्व आम्दानी | जम्मा आम्दानी | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक |
|---|---|---|---|
| | **१५५०७६०.** | **८७७८००.** | **६७२९६०.** |

लेखा अधिकृत

मिति : २०२८२/१०/११

महोदय,

उपरोक्त सम्बन्धमा च.नं. १०१० मिति २०८२/१०/०६ गतेको प्राप्त पत्रानुसार आ.व. २०८२/८३ मा यस महाशाखा/ शाखाबाट हालसम्म सम्पादन गरिएको प्रगति विवरण तपसिल बमोजिम पेश गरिएको छ।

<u>अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाले गरेका कार्यहरु:</u>

१. प्रदेशमा कार्यरत विशेषज्ञ चिकित्सकका निम्ति विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यविधी, २०८१ संशोधन गरी कार्यान्वयनको प्रकृया सुरु गरिएको ।

२. प्रदेश सरकार स्वास्थ्य मन्त्रालयका मातहतका अस्पतालमा कार्यरत मेडिकल अधिकृत, अस्पताल व्यवस्थापक र नर्सिङ अधिकृतहरुलाई न्युनतम सेवा मापदण्ड सम्बन्धी अभिमुखिकरण कार्यक्रम मिति २०८२/०९/२८ र २९ गते समापन गरिएको।

३. अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट चिकित्सा सेवाहरु संचालन हुन संघ, प्रदेशस्तर तथा स्थानीय संस्थाहरुसंग आवश्यक समन्वय गरिएको छ ।

४. प्रदेश सरकार स्वास्थ्य मन्त्रालयका मातहतका स्वास्थ्य केन्द्र तथा अस्पतालहरुमा विशेषज्ञ चिकित्सकहरुको नियुक्तिको सम्पूर्ण प्रकृया समापन गरी नियुक्ति गरिएको ।

५. कोशी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयबाट प्रदेश एम्बुलेन्स व्यवस्थापन समितिको निर्णय बमोजिम जम्मा ५ वटा नयाँ एम्बुलेन्सहरुलाई एम्बुलेन्स संचालनका लागि स्विकृति प्रदान गरिएको।

६. कोशी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयबाट प्रदेश एम्बुलेन्स व्यवस्थापन समितिको निर्णय बमोजिम जम्मा ६ वटा नयाँ एम्बुलेन्सहरुको खरिद तथा आयातका लागि राष्ट्रिय एम्बुलेन्स व्यवस्थापन समितिलाई राजस्व छुटका लागि सिफारिस गरिएको।

७. स्वास्थ्यसंग सम्बन्धित विभिन्न दिवसहरु (विश्व प्रतिजैविक प्रतिरोध दिवस, विश्व स्तनपान सप्ताह, राष्ट्रिय योग दिवस आदि) सरोकारवाला निकायहरुसंग छलफल, अन्तर्कृया तथा विभिन्न कार्यक्रमहरु संचालन गरी मनाईएको।

८. प्रदेश सरकार स्वास्थ्य मन्त्रालयका मातहतका स्वास्थ्य केन्द्र, अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य निर्देशनालयसंगको समन्वयमा न्युनतम सेवा मापदण्ड लेखाजोखा कार्यक्रम संचालन गरिएको।

९. विभिन्न समयमा भैपरि आएका आपत्कालिन स्वास्थ्य समस्याहरुको प्रदेश स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र मार्फत RRT र RRC लाई परिचालन गर्नुका साथै सरोकारवाला निकायहरुसंग छलफल, अन्तर्कृया तथा विभिन्न कार्यक्रमहरु संचालन गरी प्रभावकारी संयन्त्रमार्फत समस्याहरुलाई नियन्त्रण तथा समाधान गरिएको ।

१०. खोटाङ जिल्लामा जडिवुटि उत्पादन-प्रशोधन केन्द्र स्थापना कार्यक्रम तथा कोशी आयुर्वेद अध्ययन प्रतिवेदन कार्यान्वयन कार्यक्रम संचालन प्रकृया सुरु गरिएको।

११. सरकारी तथा निजी अस्पतालहरुमा नियमित रुपमा अनुगमन, निरिक्षण तथा नियमन गरिएको साथै १४ वटा निजी संस्थाहरुको नविकरण र १ वटा अस्पताललाई संचालन स्वीकृति प्रदान गरिएको।